## गल्छी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बैरेनी, धादिङ

## ३ नं प्रदेश, नेपाल

Steel parts Fabrication and supply **सम्बन्धि सिलबन्दी दरभाउपत्र आब्हानको सूचना**

(दोस्रो पटक सूचना प्रकाशन मिति २०७६।०३।०५ गते)

१. यस गल्छी गाउँपालिकाको वडा न ७ र ८ छतिवन्टार आप खोल्सीमा निर्माण हुन लागेको झोलुङ्गेपुलको लागी Steel parts Fabrication and supply गर्नुपर्ने भएकोले इच्छुक, इजाजत प्राप्त कम्पनी/फर्म /सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक सिलबन्दी दरभाउपत्रदाताले यो सूचना प्रकाशित गरिएको मिति देखि १५ औं दिनको कार्यालय समयभित्र आफ्नो कम्पनी/फर्म/सप्लायर्सको व्यबसाय दर्ता तथा नबिकरण गरेको इजाजत पत्रको प्रतिलिपी, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब.२०७४।०७५ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित रितपूर्वक निवेदन साथ बोलपत्र फारम दस्तुर रकम रु.१०००। तिरी (रकम फिर्ता नहुने गरी ) सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

३.खरिद गरिएका सिलबन्दी दरभाउपत्र फारामको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ : ०० बजे भित्र सिलबन्दी दरभाउपत्र दर्ता गरि सक्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र फारम साथ जमानत वापत्को रकम यस कार्यालयको ग्लोबल आई.एम.ई. बैक लि. बैरेनी शाखा, धादिङमा रहेको खाता नं.८१०१०१००००१९१ वा नेपाल सरकारको मान्यताा प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी गरिएको सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन म्याद भएको जमानीपत्र (बिडबन्ड) सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत सूचना प्रकाशित भएको मिति पछिको बैक भौचर वा बिडबन्डलाइ मात्र मान्यता दिइने छ।

५. यस कार्यालयमा दर्ता भएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाताहरु व निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। निजहरुको अनुपस्थितिमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा खोलिनेछ।

६. प्राप्त सिलबन्दी दरभाउपत्र कुनै कारण जनाई वा नजनाई आशिंक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित नपुगेका र म्याद नाघि आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

७. सिलबन्दी दरभाउपत्रसम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

८. यस सूचनामा उल्लेखित कुराहरु यसै सूचना बमाजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित कानुन बमाजिम हुनेछ।

९. अन्य केही कुरा बुझ्नुपरेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नं.०१०४०३१५६ /०१०४०३१९६ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

| ठेक्का नं. | विवरण | कुल लागत अनुमान रकम रु.(भ्याट बाहेक ) | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| NCB/५७/०७५।७६ | Steel parts Fabrication and supply (BOQ मा उल्लेख भएबमोजिम ) | ५,९१,५९१।३६ | १,०००। | २०,०००। | |

गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बैरेनी, धादिङ ३ नम्बर प्रदेश, नेपाल

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकिय अधिकृत**